जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २८ | २०७७ साल भदौ ३ गते बुधबार (19 Aug 2020 Wednesday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : महामारीमाथि थपिएको ... ३ पृष्ठमा : हुलाकी राजमार्गमा २०... ३ पृष्ठमा : गएको २४ घन्टामा करिब ...


## १३ दिनका लागि सप्तरीमा निषेधाज्ञा बिस्तार




**दैनिक समाचारदाता**
**राजविराज, २ भदौ ।**

कोरोना संक्रमणको जोखिम बढदै गएपछि स्थानिय प्रशासनले सप्तरीमा बुधवारदेखि थप १३ दिनका लागि निषेधाज्ञा बढाएको छ । प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यको अध्यक्षतामा मंगलवार बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समितिको बैठकले कोरोना भाईरसको जोखिम कायमै रहेकाले जारी निषेधाज्ञालाई भदौ १५ गते सम्मका लागि बढाउने निर्णय गरेको हो ।

कोरोना भाईरसको जोखिम बढेसँगै स्थानिय प्रशासनले साउन ८ गते देखि भदौ २ गते सम्मका लागि निषेधाज्ञा जारी गरेको थियो । निषेधाज्ञाको म्याद सकिनै लाग्दा स्थानिय प्रशासनले थप १३ दिनका लागि निषेधाज्ञा वढाउने निर्णाय गरेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी राजविराज

फोन नं : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स : ०३१-५२०६२४

प.सं. :- २०७७/७८
च.नं. :-

मिति :- २०७७।०५।०२

**जिल्ला प्रशासन कार्यालय सप्तरीद्वारा जारी गरिएको निषेधाज्ञाको म्याद थप गरिएको सम्बन्धी सूचना**

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जिल्ला सुरक्षा समितिको मिति २०७७।०४।१९ गतेको निर्णयानुसार राजविराज नगरपालिका लगायत सप्तरी जिल्ला क्षेत्रमा मिति २०७७।०४।२० गते विहान ५:०० बजेबाट मिति २०७७।०४।२६ गते साँझ ५:०० बजे सम्मका लागि जारी निषेधाज्ञा मिति २०७७।०४।२५ को निर्णयबाट थप भई हाल मिति २०७७।०५।०२ गते राति ११:०० बजे सम्म जारी रहेको छ । हाल यस जिल्लामा सक्रिय संक्रमितको संख्या २०० भन्दा बढी रहेको र जिल्लाको विभिन्न स्थानहरुमा संक्रमितको संख्या बढिरहेको देखिएको हुँदा राजनैतिक दल, नागरिक समाज लगायतको जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०५।०२ को संयुक्त बैठकबाट भएको सिफारिसको आधारमा माथि उल्लेखित ऐनहरुले दिएको अधिकार प्रयोग गरी जिल्ला सुरक्षा समितिको मिति २०७७।०५।०२ को बैठकको निर्णयानुसार मिति २०७७।०५।०२ सम्म लागू रहेको निषेधाज्ञालाई सप्तरी जिल्लाको सम्पूर्ण क्षेत्रभरी मिति २०७७।०५।१५ राति ११:०० बजे सम्मका लागि निरन्तरता दिइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । निषेधाज्ञा कार्यान्वयन लगायत सम्बन्धी अन्य सम्पूर्ण व्यहोरा यस कार्यालयद्वारा मिति २०७७।०४।१९ गतेमा प्रकाशित निषेधाज्ञा सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम यथावत कायम रहेको जानकारी समेत गराइन्छ ।

निषेधाज्ञा कार्यान्वयनमा दिनु भएको साथ र सहयोगका लागि सम्पूर्ण सप्तरीबासीमा धन्यवाद प्रकट गर्दै आगामी दिनमा कुनै पनि धर्मको कुनै पनि चाडपर्व मनाउँदा यस निषेधाज्ञाको बर्खिलाप नहुने गरी आ-आफ्नो घरमै सुरक्षित साथ मात्र त्यस्ता चाडपर्व मनाउन हुन समेत अनुरोध छ ।

शंकरहरि आचार्य
प्रमुख जिल्ला अधिकारी

## एकै परिवारका ८ जनासहित ११ संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, २ भदौ ।**

सप्तरीमा मंगलवार एकै परिवारका ८ जनासहित ११ जनामा कोरोना संक्रमण भेटिएको छ । यससँगै जिल्लामा कुल संक्रमितको संख्या ६ सय ८३ पुगेको छ ।

यसअघि सोमबार जिल्लामा एक जना मात्र संक्रमित थपिएकोमा मंगलबार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका ११ जना संक्रमित भेटिएका हुन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार उक्त नगरपालिका वडा नं. ९ का एकै परिवारका ८ तथा वडा नम्बर १, ७ र १० का १/१ गरि ११ जनामा संक्रमणको पुष्टि भएको छ ।

संक्रमित परिवारका ८ जना मध्यै तीन जना महिला रहेका छन् । उक्त परिवारमा दुई दिन अघि एक जनामा संक्रमण पुष्टि भएको थियो । संक्रमित व्यक्तिको कन्ट्याक्ट ट्रेसिङ गर्दा परिवारका अन्य ८ जनाको पनि नतिजा पोजेटिभ आएको स्वास्थ्य कार्यालय प्रमुख यादवले जानकारी गराए ।

यता संक्रमण पुष्टि भएपछि संक्रमितको घर शिल गरिएको छ भने संक्रमितको सम्पर्कमा आएकाहरुलाई क्वारेन्टीनमा ल्याई स्वाब संकलनको कार्य थालिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४



# महामारीमाथि थपिएको प्राकृतिक विपत्ति

काठमाडौँ, २ भदौ (रासस)।
भनिन्छ कुनै पनि समस्या बाजा बजाएर आउँदैन। मुलुकले यतिखेर त्यस्तै नसोचेको र पूर्वानुमान नगरिएको दोहोरो विपत्तिको सामना गरिरहेको छ। चीनको एक कुनामा देखिएको कोरोना भाइरसले नेपालमा आएर दुःख देला भन्ने हाम्रो कल्पनामै थिएन तर हामी अहिले त्यो महामारीको प्रत्यक्ष मारमा परेका छौँ।

यसपालि यो अकल्पनीय कोरोनाको कहरमात्र नभएर हामीलाई विनासकारी विपद्ले पनि दुःख दिएको छ। यो विपत्तिले मानिसको ज्यान लिएसँगै भौतिक र आर्थिक क्षति गराइरहेको छ। कोरोना सङ्क्रमण नियन्त्रण हुनुको साटो झन्भन्दा झन् बढ्दै गएको देखिएको छ। यसबीचमै मनसुनजन्य विपत्तिको अर्को चुनौतीले देशको जनजीवन र भूगोललाई नै थिलथिलो बनाइरहेको छ। हरेक दिनजसोको मनसुनी वर्षा पछिको पहिरो, बाढी र डुबान बस्तीवस्तीमा काल बनेर पसेको छ। त्यसैले पनि अहिले हामीलाई आपतमाथि झन् ठूलो विपत बर्सिरहेको भान भइरहेको छ।

हरेक दिनजसो पहिरोमाथि पहिरोका दुर्घटना थपिएका छन्। पहिले पहिलेका मनसुनी वषामा हुनेभन्दा बढी नै यसपालि बाढी पहिरोले बस्ती नै सोहोरेका छन्। कोभिड-१९ बाट मृत्युको ग्राफ बढ्दै गर्दा यसपालीको मनसुनजन्य विपद्का कारण पनि मृत्युको ग्राफ विगत१० वर्ष कै उच्च बन्न पुग्यो।

आइतबारसम्मको विवरणमा कोभिड-१९ का कारण मुलुकमा १०४ जनाको मृत्यु भएको छ भने २६ हजार ६६० जना सङ्क्रमित भएका छन्। मनसुन सक्रिय भएको दिन २०७७ जेठ ३१ पछि मनसुनजन्य विपदमा परेर पछिल्लो दुई महिनामा मात्रै २३१ जनाले ज्यान गुमाएका छन्। पहिरोबाट मात्रै २०६ ले ज्यान गुमाए। सँगसँगै आएको यी दुई महाविपत्ति नेपालको इतिहासकै एक अति कठिन समय बन्न पुगेको छ।

वैशाखयता बाढी, पहिरो र चट्याङबाट मात्रै २६६ ले ज्यान गुमाए भने ७८ जना बेपत्ता छन्। राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमख कार्यकारी अधिकृत अनिल पोखरेल मनसुनजन्य विपद्बाट पछिल्लो एक दशकमा यो वर्ष सबैभन्दा बढी मानवीय क्षति भएको बताउनुहुन्छ। दोहोरो विपत्ति परिरहेकाले यसबेला अझै सावधानी अपनाउनु जरुरी रहेको उहाँले बताउनुभयो। त्यसरी सावधानी अपनाउन भने सकिएको छैन।

कोभिड-१९ को सङ्क्रमण जोखिमकाबीच साउन ३० गते सखारै सिन्धुपाल्चोकको जुगल गाउँपालिका-२ लिदी गाउँमा माथिबाट एक्कासी पहिरो खस्यो। पहिरोले पुर्ने डरले रातभर बारीको पाटामा त्रिपाल ओढेर ज्यान जोगाउँदै आएका स्थानीयले विहान ऐया पनि भन्न पाएनन्। माथिबाट बारीको पाटोलाई समेत सोहोरेर ल्याएको पहिरोले घरसहित एकै चिहान बनायो।

सदाझैँ आजको रात त बाँचियो भनेर विहान अन्दाजी साढे ६ बजे त्रिपालबाट उनीहरु घर फर्किए। दिनभर घरखेतको काम भ्याएर केही निमेष आफन्त र छरछिमेकसँग रम्ने योजना त्यतिखेर तुहियो, जब माथिको डाँडाबाट पहिरो खस्यो।१३ घरका ३९ जना एकै निमेषमै पुरिए। कोही घरभित्रै अनि कोही भाग्दाभाग्दै माटोमा बिलाए। सोमबारसम्म प्राप्त विवरणमा २२ को शव फेला परे पनि अन्य पहिरोमै पुरिएका छन्। कतिपय घरका सपरिवारका लागि यही पहिरो काल बन्यो।

जोखिम क्षेत्र भएको भन्दै स्थानान्तरणका लागि गरिएको उनीहरुको हारगुहार कान्लामुनि नै हरायो र अहिले यो नियती भोग्नुपर्‍यो। उक्त वडाका सदस्य तथा स्थानियबासी विष्णुबहादुर दोङ भन्नुहुन्छ, "असार २६ को भीषण वषाले जमिन चलायमान बनाएको थियो, बस्ती जोखिममा परेपछि व्यवस्थापन गर्न गरिएको मागको सरकारबाट सुनुवाई भएको भए यो गति हुने थिएन।" उहाँका अनुसार अझै धेरै स्थानका झण्डै ५०० घरधुरी यस्तै जोखिममा रहेका छन्।

कोभिड-१९ सङ्क्रमणबाट जुधिरहेको मुलुकमा यसपटकको प्राकृतिक विपत्तिले ठूलै जनधनको क्षति गरायो। त्यसको प्रतिनिधि घटना हो लिदी पहिरो। यसअघि असार २५ मा पनि सिन्धुपाल्चोककै जम्बुबजार र भोटेकोशीमा आएको बाढी पहिरोमा परेर केहीको मृत्यु भएको थियो भने २० जना बेपत्ता भएका थिए।

सबैभन्दा बढी, सिन्धुपाल्चोक, म्याग्दी, जाजरकोट, कास्की, बझाङ, पर्वत, पाल्पा, लमजुङ, गुल्मी, दार्चुलालगायत जिल्लामा ठूलो जनधनको क्षति हुनेगरी पहिरो खसेको छ। यस्ता विपद् यसपाली ६० भन्दा बढी जिल्लामा निम्तियो।

कोरोना फैलनबाट रोक्न खटिँदै आएका नेपाल प्रहरी, ससस्त्र प्रहरी र नेपाली सेना तत्काल प्राकृतिक विपद्को उद्धारमा खटिए। पहिरोले पुरिएकाको खोजी र उद्धार भइरहेकै बेला सङ्घ, प्रदेश र स्थानीय सरकार कोभिड-१९ बाट नागरिकलाई जोगाउन सङ्घर्षरत छन्। लिदीमा गएको पहिरोमा पुरिएकाको उद्धार हुँदै गर्दा त्यसदिन अपराह्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतम सङ्क्रमणबारे यसरी प्रत्यक्ष प्रशारणमा गर्दै हुनुहुन्थ्यो, "पछिलो चौबीस घण्टामा मुलुकमा ५९४ जना कोभिड १९ का नयाँ सङ्क्रमित भेटिए, यो सँगै अहिलेसम्म २५ हजार ५५१ जना पुगे। त्यसमध्ये १७ हजार ७७ उपचार पछि घर फर्किएका छन्। एकै दिनमा चार जनाको मृत्यु भएको र हालसम्म मृत्यु हुने ९९ पुगेका छन्।" आइतबारसम्म मुलुकमा २६ हजार ६६० जना सङ्कमित भएका छन्। त्यसमध्य १०४ जनाको मृत्यु भएको छ।

अहिले सङ्क्रमण रोक्न स्थानीय तह र प्रशासनबाट कतै सिल त कतै निषेधाज्ञा, कतै बन्दाबन्दी घोषणा गरिएका छन्। उच्च सावधानी अपनाइएको छ प्राप्त जानकारीमा सबैभन्दा बढी सङ्क्रमण काठमाडौँ उपत्यकामा देखिन थालिसकेको छ। काठमाडौँ, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, मोरङलगायत जिल्ला महामारी कै रुपमा फैलिँदै छ।

यही साउन २२ देखि २९ गतेसम्मको आठ दिनमा मात्रै कोभिड-१९ सङ्कमित ३५ को मृत्यु भएको छ। विश्वको तुलनामा समग्रमा नेपालको मृत्युदर न्यून (शुन्य दशमलव ४ प्रतिशत) छ, तर पछिल्लो ग्राफले त्यसलाई उच्च बनाउने अनुमान गर्न सकिन्छ। मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतम मृत्युको ग्राफ बढ्दै गएको स्वीकार गर्नुहुन्छ। अहिलेसम्म १०४ को मृत्यु हुँदा साउन अन्तिम साताको ८ दिनमा मात्रै ३५ को मृत्यु हुनु सामान्य होइन। कोभिड-१९ बाट एकै दिन आठ जनासम्मको मृत्यु भएको छ।

साउन २२ देखि २८ सम्म मुलुकमा तीन हजार २० र काठमाडौँ उपत्यकामा मात्रै ६६६ नयाँ सङ्क्रमित भेटिनुले क्रमशः कोभिड-१९ को जोखिम उच्च वृद्धि भइरहेको देखाउँछ। अग्रभागमा खटिने चिकित्सक, सुरक्षाकर्मी र पत्रकार नै सङ्क्रमित भएका छन्। चिकित्सकहरु सङ्क्रमण बढ्नुमा मानिसको लापरवाहीलाई एउटा कारक मान्छन्। साथसाथै सरकारले खोज अनुसन्धान र उपचार पद्दतीमा पनि सुधार गर्नुपर्ने आवश्यकता जनस्वास्थ्यविद्हरुले औँल्याउँदै आएका छन्।

विश्वमा अहिलेसम्म औषधि पत्ता नलागेकाले कोभिड-१९ को महामारी कायमै छ। विश्वको अर्थतन्त्र पुरानै अवस्थामा फर्कन सकेको छैन। जबसम्म औषधि पत्ता लाग्दैन तबसम्म महामारीको स्वरुपमा परिवर्तन आउने सङ्केत मिलेको देखिँदैन। त्यसबाट नेपाल पनि अछुतो छैन।

चीनमा गत डिसेन्बर ३१ मा कोभिड-१९ देखिएको थियो। उद्गमस्थल चीनको उहानबाट आएका एक नेपालीमा विसं २०७६ माघ ९ गते पहिलो केस देखिएको थियो। चैतको १० र १२ गते दोस्रो र तेस्रो सङ्क्रमण देखियो। उनीहरु पनि तेस्रो मुलुकबाट आएका व्यक्ति थिए। माघपछि केही महिना नेपालमा सङ्क्रमण नगन्य हुँदा नेपालको वातावरण र खानपान प्रवृत्तिले खुबै प्रशंसा पायो। यद्यपि त्यो गलत रहेछ भन्ने कुरा विसं २०७७ को शुरु महिना वैशाखले प्रष्ट्यायो। वैशाखको अन्तिम साताबाट नेपालका सङ्क्रमण तीन अङ्कले बढ्न थालेको थियो। त्यो क्रम आजको मितिसम्म जारी छ।

चीनबाट यूरोप, अमेरिका हुँदै भारतमा महामारीको रुप लिँदै कोभिड-१९ नेपाल भित्रिएको हो। भारतमा महामारी फैलिँदा नेपालमा न्यून थियो। जब भारतमा भएका नेपाली घर फर्कन थाले उनीहरुसँगै सङ्क्रमण पनि भित्रियो। त्यसलाई रोक्न सरकारले चैत १० गतेदेखि उडान बन्द गर्‍यो भने चैत ११ देखि मुलुकभर बन्दाबन्दीको आदेश जारी गर्‍यो। उक्त आदेश साउन ६ सम्म कायम रहयो।

तत्कालीन अवस्थामा क्वारेन्टिनमा बसेकामा देखिएको सङ्क्रमण अब त्यहाँ मात्रै सिमित रहेन। सीमाबाट जबरजस्ती प्रवेश, क्वारेन्टिनको नियम पालना नहुनु, स्वास्थ्य मापदण्डप्रतिको बेवास्ता, मास्क नलगाउने प्रवृत्ति, भौतिक दूरी कायम नहुनु, भीडभाड गराउनुजस्ता कारणले समुदायका व्यक्तिमा समेत कोरोना फैलिइसकेको छ।

जब जेठबाट कोभिड-१९ को सङ्क्रमण तीन अङ्कले बढ्न थाल्यो तब मुलुकले पनि अर्को मनसुनजन्य विपत्तिको सामना गर्नुपर्‍यो। अहिले पनि देशमा आपतमाथिको विपद् कायमै छ। सरकारले आर्थिक क्षेत्र चलायमान बनाउने भन्दै जेठ २९ बाट मुलुकमा बन्दाबन्दी खुकुलो बनायो। त्यसको भोलिपल्ट जेठ ३० पछि मनसुनजन्य विपद्मा जनधनको क्षति हुन थाल्यो। मनसुन शुरु भएको पहिलो दिन जेठ ३१ मा पर्वतको कुश्मा नगरपालिका-३ दुर्लुङमा भेलपहिरो खस्दा ९ जनाले अकालमै ज्यान गुमाए।

असार ८ गते पाल्पाको सम्बोबारीमा ४ जना पहिरोमा परे। असार २० गते बझाङको केदारस्युँलगायत स्थानमा पहिरो जाँदा सात जनाको मृत्यु भयो। असार २६ मा भारी वर्षा हुँदा म्याग्दीको धवलागिरि, मालिका र रघुगङ्गा गाउँपालिकामा खसेको पहिरोमा २७ जनाको मृत्यु र ४ बेपत्ता भए। असार २५ गते सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकास्थित जम्बुबजार र भोटेकोसी गाउँपालिकामा बाढी र पहिरोका कारण तीन जनाको मृत्यु भएको र २० बेपत्ता भए।

असार २६ गते बिहान कास्कीको सराङकोट, हेम्जा र पैतेडाँडामा पनि सोही समयमा पहिरोले सातको मृत्यु भएको थियो। सोही समयमा जाजरकोटको बारेकोट लगायतस्थालनमा पहिरोले नौ जनाको मृत्यु भएको छ।

गुल्मी र लम्जुङमा बाढीपहिरोमा परेर नौ जनाले ज्यान गुमाए। भूगर्भविद् शिवकुमार बाँस्कोटा जथाभावी सडक खन्ने, पानीको स्रोत व्यवस्थापन नहुने तथा एकै ठाउँमा धेरै पानी परेको र भूकम्पले असर गरेकाले बाढीपहिराका घटना बढेको बताउनुहुन्छ।

यो बीचमा बाढी पहिराका कारण सबैको ध्यान विपदतर्फ मोडियो। त्यसबेला कोभिड-१९ सङ्क्रमण रोकथाममा खटिएका सुरक्षाकर्मी बेपत्ताको खोजी, उद्धार तथा राहतमा लागे। झण्डै एक महिना कोभिड-१९, सङ्क्रमण नरहे जसरी मानिस खुलमखुला भए। त्यसैबेला सङ्क्रमण समुदायसम्म पुग्यो। विपद् जोखिम व्यवस्थापन विज्ञ कृष्ण देवकोटाले सरकारको पनि राम्ररी ध्यान पुगेन, नागरिकले पनि बेवास्ता गरे, बजार सबै खुल्दा समुदायमा फैलन सहयोग मिलेको हो भन्नुहुन्छ।

कोभिड नियन्त्रणमा विज्ञहरुबीच पर्याप्त छलफल हुन नसदा रणनीतिक रुपमा सरकारले सफलता प्राप्त गर्न नसकेको देवकोटाको जिकिर छ। "दोहोरो विपद्को अवस्थामा 'रेस्पोन्स्' गर्ने समूह अलगअलग हुनुपर्दथ्यो, त्यो हुन सकेन, सिन्धुपाल्चोक लिदीकै घटनामा पनि तपाईं हेर्न सक्नुहुन्छ, सभामुख अग्नी सापकोटा हिँडिरहँदा वरिपरिकाले मास्क लगाएका थिएनन्, त्यसले जोखिम बढाउने कुरा पक्का छ", देवकोटाले थप्नुभयो। उहाँ बाढीपहिरो र कोभिडका लागि छुट्टाछुट्टै 'डेडिकेटेड' टिम बनाउनु पर्नेमा त्यो हुन नसक्नु विडम्बना हो, भन्नुहुन्छ। प्राधिकरणका प्रमुख पोखरेल पनि त्यसरी छुट्टाछुट्टै टिम बनाउन नसकेको स्वीकार गर्नुहुन्छ। तर उच्च सावधानीका लागि भने आवश्यक समन्वय गरिरहेको उहाँले बताउनुभयो।

अहिले स्वास्थ्य तथा

*बाँकी तीन पृष्ठमा*

## गर्भवतीको हत्या आरोपमा पति र सासू पक्राउ

लहान, २ भदौ (रासस)।
गर्भवती महिलाको हत्या गरेको आरोपमा सिरहा प्रहरीले पति र सासूलाई पक्राउ गरेको छ। सिरहा नगरपालिका-१६ निवासी १९ वर्षीया कुलतीदेवी दासको हत्या आरोपमा उहाँका २० वर्षीय पति धीरज दास र सासू ३५ वर्षीया राजकुमारी दासलाई प्रहरीले पक्राउ गरेको हो।

करिब तीन महिनाकी गर्भवती छोरीलाई गत साउन २७ गते कुटपिट गरी हत्या गरेको मृतकका बुवा चन्दर दासले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएपछि उहाँका पति र सासूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो।

पक्राउ परेका आमा छोरामाथि कर्तव्य ज्यानसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक घिमिरेले बताउनुभयो। घटनाको भोलिपल्ट गत साउन २८ गते बिहान छिमेकीहरूले घटनाबारे जानकारी गराएपछि घटना थाहा पाएको र शव परीक्षणको रिपोर्ट आएपछि किटानी उजुरी दिन प्रहरीले भनेकाले साउन ३० गते प्रहरीमा किटानी जाहेरी दिएको मृतकका बुवा चन्दरले बताउनुभयो।

## प्रेस काउन्सिलको कार्यवाहक अध्यक्षमा भण्डारी

काठमाडौँ, २ भदौ (रासस)।
सरकारले प्रेस काउन्सिल नेपालको कार्यवाहक अध्यक्षमा दुर्गा भण्डारी (पौडेल) लाई तोक्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले भण्डारीलाई कार्यवाहक अध्यक्षमा तोक्ने निर्णय गरेको अर्थ एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले जानकारी दिनुभयो। यसअघि सञ्चार मन्त्रालयले भण्डारीलाई काउन्सिलको सदस्यमा नियुक्ति गरेको थियो। भण्डारी विगत २५ वर्षदेखि मोफसलमा पत्रकारिता गर्दै आउनुभएको थियो। झापा भद्रपुर नगरपालिका-८ मा जन्मिनुभएका भण्डारी हाल पोखरा महानगरपालिका-५ मा बस्दै आउनुभएको छ।

आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर तह

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हुलाकी राजमार्गमा २० पुल समस्याग्रस्त

काठमाडौँ, २ भदौ (रासस)।

राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्गमा झण्डै २० वटा पुलको निर्माण कार्य विभिन्न समस्याका कारण अघि बढ्न सकेको छैन ।

सरकारले विसं २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको यो आयोजनामा समस्याग्रस्त पुलमध्ये कतिपय एक दशकभन्दा पहिले ठेक्का सम्झौता भएका पुलसमेत छन् ।

समस्याग्रस्त पुलमध्ये पनि पाँच वटा पुल सम्बन्धी मुद्दा अदालतमा विचाराधीन छन् । कतिपय पुल अहिले मध्यस्तता ( आरबिटेसन) मा गएको आयोजना प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो । कतिपय पुलको अवधि सकिए पनि निर्माण अघि बढ्न सकेका छैन । सो आयोजना पहिले हुलाकी पुल योजनाका रुपमा रहेको थियो । सो योजनाले विसं २०६६/६७ मा ठेक्का सम्झौता गरेका पुलसमेत अझैसम्म निर्माण भएका छैनन् । उहाँले भन्नुभयो, "पछिल्लो समयमा ठेक्का सम्झौता भएका पुलभन्दा पुराना पुलमा बढी समस्या देखिएको छ ।"

त्यो समयमा भएका ठेक्का हतारमा भएकाले पनि समस्या भएको पाइएको प्रमुख बिसुरालले बताउनुभयो । सो आयोजनामा कतिपय स्थानमा सडक बनिसकेर पनि पुल नबन्दा सञ्चालनमा आउन नसकेको पाइन्छ । तराई मधेशमा कतिपय खोला सानो हुँदा सवारी साधन चल्ने वर्षामा नचल्ने खालका छन् । मुख्य नदी कमला, वाग्मती, नारायणी, राप्तीमा भने पुल सम्पन्न नहुँदा आवतजावतमा समस्या भएको आयोजनाले जनाएको छ ।

राजमार्गअन्तर्गत रौतहट र सर्लाही जिल्ला जोड्ने वाग्मती नदीमा पुल निर्माण शुरु भएको एक दशक बित्दा पनि अझै सम्पन्न भएको छैन । लुम्बिनी विल्डर प्रालिसँग विसं २०६७ मा पुल निर्माण सम्झौता भएको थियो । सो पुलमा कमसल सामग्रीको प्रयोग गरिएको भन्दै स्थानीयवासीले विरोध गरेका थिए । विसं २०७० पछि पुल निर्माण अघि बढेको छैन र निर्माण कम्पनी आरबिटेनमा गएको छ । सो पुलको विवादसम्बन्धी मुद्दा अहिले अदालतमा विचाराधीन रहेकाले निर्माण अवरुद्ध छ । गत महिना प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिमा यो पुलसँगै चार समस्याग्रस्त पुलसम्बन्धी छलफल भएको थियो ।

राजमाार्गअन्तर्गत नै नारायणी नदीको पुल निर्माण पनि अहिले अलपत्र छ । पप्पु कन्स्ट्रक्सनले सात वर्ष पहिले पुल निर्माणको जिम्मेवारी लिए पनि निर्माण अघि बढाएको थिएन । निर्देशनालयले सार्वजनिक खरिद ऐनका आधारमा गत असारमा ठेक्का तोड्ने निर्णय गरेको थियो । पर्साको तिलावे पुलको निर्माण ठेक्का पनि पप्पु कन्स्ट्रक्सनले जेभीमै लिएको थियो । वारिपारिको सडक सञ्चालनमा आउँदा पनि पुल नबन्दा स्थानीयवासी खोला वारपार गर्न सकिरहेका छैनन् ।

आयोजनाअन्तर्गत ७० पुल निर्माणाधीन रहेको छ भने ७४ पुल डिजाइन स्वीकृतिका लागि सडक विभागमा पठाइएको छ । विभागमा पठाइएका पुलको डिजाइन स्वीकृत भएर आएपछि त्यसको ठेक्का प्रक्रिया अघि बढ्ने प्रमुख बिसुरालले जानकारी दिनुभयो । अहिलेसम्म ९३ पुल सम्पन्न भइसकेका छन् भने अध्ययन गर्न बाँकी पुल झण्डै २० रहेको बताइएको छ । उहाँले भन्नुभयो, "डिजाइन स्वीकृत भएपछि नै ठेक्का प्रक्रिया अघि बढाइनेछ ।"

सरकारले आगामी तीन वर्षमा सो आयोजना सम्पन्न गर्ने लक्ष्य लिएको छ । यहाँका कतिपय पुल डिजाइनमा जान नै बाँकी छन् भने कतिपय पुल लामो समयदेखि अवरुद्ध छन् । समस्याग्रस्त कतिपय पुलको न त निर्माण गर्न सकिने अवस्था छ न त भइरहेको ठेक्का तोड्न नै सकिएको छ । नयाँ पुल निर्माणका लागि झण्डै तीन वर्ष लाग्ने भएकाले पनि निर्धारित समयमै पुल सम्पन्न गर्न सजिलो नभएको प्रमुख बिसुरालको भनाइ छ । त्यस्तै, आयोजनामा झण्डै दुई सय किमी सडक राष्ट्रिय निकुञ्जलगायतका बन क्षेत्रमा पर्छ । वन क्षेत्रमा निर्माण अघि बढाउन स्वीकृति नभएकाले के गर्ने भन्ने टुङ्गो लाग्न सकेको छैन ।

पहिले हुलाकी पुल आयोजनाका रूपमा रहेकामा सरकारले पछि पूर्वदेखि पश्चिमसम्म तराईका जिल्ला जोड्ने गरी राष्ट्रिय राजमार्ग निर्माणको योजना बनाएको थियो । पूर्व-पश्चिम राजमार्गको विकल्पका रूपमा समेत यस राजमार्गलाई हेरिएको छ । तराईका भित्री बस्ती र कतिपय भारत नजिकका बस्तीका बासिन्दालाई समेत सहज यातायातको सुविधा राजमार्गले दिनेछ । सडकको चौडाइ केन्द्रबाट १५/१५ मिटर हुनेछ । सरकारले आव २०७९/८० सम्ममा सडक निर्माण गरी सक्ने लक्ष्य लिएको छ ।

गत आवमा राष्ट्रिय गौरबका मध्यपहाडी लोकमार्ग र मदन भण्डारी लोकमार्गभन्दा झण्डै आधा सङ्ख्यामा मात्रै पुल सम्पन्न भएको थियो । मदन भण्डारी लोकमार्गमा १७ र मध्यपहाडी लोकमार्गमा १५ पुल सम्पन्न भएको थियो । यो आयोजनामा गत आवमा आठ पुल सम्पन्न भएको थियो ।

सो आयोजनाको संशोधित बजेट रु ६१ अर्ब रहेको छ । राणाशासनमा चिठ्ठी आदानप्रदान गर्ने हुलाकी सडकको अवधारणा विकास भएको थियो । सो आयोजनाले तराई-मधेशमा रहेका जनतालाई यातायात सर्वसुलभ र सहज बनाउनेसँगै यस क्षेत्रका शिक्षा, स्वास्थ्य, कृषि, व्यापारलगायतको विकास गर्ने अपेक्षा गरिएको छ ।

### *प्रेस काउन्सिलको ...*

उर्त्तिण गर्नुभएका उहाँ कानून व्यवसायी रहनुहुन्छ । नेपाल पत्रकार महासङ्घको केन्द्रीय सदस्य, प्रेस चौतारी नेपालको सचिव र सञ्चारिका समूह पशिचमाध्चलको अध्यक्ष रहनुभएको छ । यसैगरी काउन्सिलको सदस्य पदमा पत्रकार दीपक पाण्डे नियुक्ति हुनुभएको छ । पत्रकार महासङ्घको केन्द्रीय सदस्य तथा लेखा संयोजक रहिसक्नुभएका पाण्डे दृष्टि साप्ताहिक, प्रकाश साप्ताहिकको सम्पादकको रुपमा काम गरिसक्नुभएको छ। उहाँ हाल जनता टेलिभिजनको सम्पादक सल्लाहकारको रुपमा रहनुभएको छ । पाण्डेको सोमबार काउन्सिलमा सपथ ग्रहण गरिसक्नुभएको छ ।

### *महामारीमाथि ...*

जनसङ्ख्या मन्त्रालयले कोभिड १९ बाट सङ्क्रमित र मृत्युको विवरण प्रत्यक्ष प्रशारण गरेर दैनिक सार्वजनिक गरिरहँदा राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट पनि प्राकृतिक विपद्को बारेमा पनि दैनिक जानकारी दिने काम भइरहेको छ ।

वर्षेनी बाढी पहिरोका घटना भइरहेकै छन् तर रोक्न सकिँदैन । तर न्यूनीकरण र क्षति कम गर्ने उपाहरु भने अपनाउन सकिन्छ । आवश्यक सावधानी नअपनाउँदा र विपद्मैत्री विकास हुन नसक्दा जनधनको क्षति भइरहेकै छ ।

विगतभन्दा यसपालि अवस्था निकै फरक र जटिल बन्यो । मुलुकले एक दशकमा नझेलेको मनसुनजन्य विपद् यसैपटक झेल्नु परेको छ । मनसुनी वर्षा अझै सकिएको छैन, क्षतिको त्रास अझै छ। हामीले कहिल्यै नभोगेको महामारीको आपत पनि यतिखेरै आइलागेकोले हामी नेपालीहरुलाई आपतमाथि विपद्जस्तै भइरहेको छ ।


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता – **बसन्त मिश्र**

**प्रमुख**

**कंचनरूप नगरपालिका, सप्तरी**


## विश्व समाचार

### गएको २४ घन्टामा करिब नौ लाख परीक्षण गरियो : भारतीय स्वास्थ्य मन्त्रालय

नयाँ दिल्ली, २ भदौ (रासस/एएनआई) ।

भारतीय स्वास्थ्य मन्त्रालयले गएको २४ घन्टामा भारतभर गरेर करिब नौ लाख जनामा कोरोना भााइरसको परीक्षण गरिएको बताएको छ । मन्त्रालयले भनेको छ- हामीले भारतभरमा गरेर गएको २४ घन्टामा कम्तीमा पनि ८ लाख ९७ हजार जनामा कोरोना भाइरसको परीक्षण गरिएको छ, जुन अहिलेसम्कै सबैभन्दा बढी हो ।

सो संख्या पहिलेको तुलनामा बढाइएको पनि बताइएको छ । आफ्नो ट्वीट अकाउन्टमार्फत मन्त्रालयले सो जानकारी गराएको बताइएको । यसअघि हप्ताभरिको तुलना गर्दा बढीमा ८ लाख ८१ ह्जार जना औषतमा दैनिक रुपमा परीक्षण गर्ने गरिएको पनि मन्त्रालयले जानकारी गराएको छ। यसरी बढीभन्दा बढी संख्यामा गरिएका परीक्षणहरुले यहाँका नागरिकहरुमा कोरोना भाइरससम्बन्धी पोजेटिभ केसहरु समयमै भेटिने र जसका कारण उनीहरुलाई समयमै आइसोलेसनमा बसाल्न सकिने मन्त्रालयको दाबी छ ।

यसरी गरिएको परीक्षणबाट कोरोना भाइरसका संक्रमितहरु समयमै पत्ता लाग्ने भएकोले देशमा कारोना भाइरसको रोकथाम र नियन्त्रणमा सघाउ पुग्ने मन्त्रालयले बताएको छ । भारतको केन्द्रीय सरकारले बढीभन्दा बढीको परीक्षण, समयमै संक्रमित पहिचान गरेर आइसोलेसनमा राख्ने र आवश्यक औषधीय प्रक्रियालाई समयमै सुरु गर्ने गरी रणनीति बनाएको मन्त्रालयको दाबी छ । केन्द्र सरकारको यो रणनीतिले गर्दा नै भारतमा सङ्क्रमितहरुको संख्या र मृत्यु हुनेहरुको संख्या घटाउने काममा प्रगति पनि भएको सो मन्त्रालयले जनाएको समाचारमा उल्लेख गरिएको छ ।

### सिंगापुरद्वारा पाँच अर्ब डलरभन्दा बढीको राहत प्याकेज घोषणा

सिंगापुर, २ भदौ (रासस,एएनआई) ।

सिंगापुरले कारोना भाइरसका कारण ह्रास भएको अर्थतन्त्रमा सुधार ल्याउनका लागि भन्दै ५ अर्ब ८० करोड अमेरिकी डलर बराबरको राहात प्याकेजको घोषणा गरेको छ । सिंगापुरका प्रधानमन्त्रीले गत मार्च महिनाबाट नै सुरु गरेको सो प्याकेजबारेमा मंगलबार जानकारी दिइएको समाचारमा जनाइएको छ ।

साउथ चाइना मर्निङ पोष्टले जनाएअनुसार सिंगापुरमा ह्रास भएको अर्थतन्त्रको सुधारका लागि भन्दै यहाँको सरकारले घोषणा गरेको यो आर्थिक प्याकेजको कार्यक्रम आगामी मार्च महिनासम्मका लागि भएको बताएको छ । सिंगापुरका उपप्रधानमन्त्री तथा अर्थमन्त्री हङ स्वी कायतले यो आर्थिक प्याकेजले यहाँका कम्पनीहरुलाई आफ्ना आर्थिक क्रियाकलापकहरु गर्न तथा रोजगारमा असर परेका नागरिकलाई पुनः काममा बोलाउन पनि सहयोग पुग्न सक्ने अपेक्षा गरिएको बताउनुभयो ।

साउथ चाइना मर्निङ पोष्टले दिएको जानकारी अनुसार यहाँको पछिल्लो समयको बेरोजगार दरमा पनि बृद्धि भएको देखिएको छ । यहाँ पछिल्लो महिना २.९ प्रतिशतमा बेरोजगार दर पुगेको छ । यो दर यसै वर्षको जनवरी देखि मार्चसम्मको भन्दा धेरै हो । त्यस अवधिमा यहाँको बेरोजगार दर २.४ प्रतिशत मात्र थियो ।

उपप्रधानमन्त्री कायतले सिंगापुर सरकारले यो राहातको कार्यक्रम मार्च महिनादेखि शुरु भएर आगामी वर्षको मार्च सम्मका लागि गरेको हो । यस अवधिमा यहाँ आर्थिक क्रियाकलापकरुलाई चलायमान बनाउन र उद्योग तथा कारखानाहरुमा गुमेका रोजगारीहरु पनि पुनर्स्थापना गर्न देशका उद्योग सञ्चालकहरुले पनि यो कोषको उपयोग गर्न सक्नेछन् ।

यो रकम यहाँको हवाई उड्डयनका साथै पर्यटन क्षेत्र र मजदुरहरुको ज्याला आदिका लागि पनि उपलब्ध गराइने उहाँले बताउनुभयो । विश्वको अर्थतन्त्रमा कोरोना भाइरसको महामारीले असर गरेसँगै यसको प्रभाव सिंगापुरमा पनि परेको छ । यहाँको अर्थतन्त्रलाई ध्वस्त हुन नदिन सरकारले यो प्रस्ताव गरेको बताइएको छ ।

### सामान्य थकान र शरीर दुखाइको समस्यापछि भारतीय गृहमन्त्री शाह अस्पताल भर्ना

नयाँ दिल्ली, २ भदौ (सिन्ह्वा) ।

भारत सरकारका संघीय गृहमन्त्री अमित शाहको स्वास्थ्यमा सामान्य समस्या आएपछि उपचारका लागि सोमबार राति अस्पताल भर्ना हुनुभएको छ । राजधानी नयाँ दिल्लीस्थित अखिल भारतीय मेडिकल साइन्सेज ( एम्स) मा उहाँ भर्ना भएको एम्स अस्पतालले मङ्गलबार पुष्टि गरेको छ । शाहलाई अस्पतालको कार्डियोथोरासिक र न्युरोसेन्स सेन्टर (सीएनसी) को भीआईपी वार्डमा भर्ना गरिएको छ ।

अस्पतालद्वारा दिइएको जानकारीमा भनिएको छ, "गृहमन्त्री अमित शाहले आफूलाई विगत तीन चार दिनदेखि थकान र शरीर दुखाइको अनुभव भएपछि अस्पताल भर्ना हुनुभएको हो । उहाँको स्वास्थ्य अवस्था सामान्य रहेको र अस्पतालबाट नै आफ्नो जिम्मेवारी बहन गरिरहनुभएको छ ।"

मन्त्री शाहलाई १४ अगस्टमा दिल्लीको गुरुग्रामस्थित मेदान्त अस्पतालबाट डिस्चार्ज गरिएको थियो । डिस्चार्जपछि उहाँले एक ट्वीटर सन्देश लेख्दै उपचारमा सम्लग्न चिकित्सकलाई धन्यवाद दिनुभएको थियो । "मेरो कोभिड-१९ परीक्षण रिपोर्टले सङ्क्रमणमुक्त भएको पुष्टि गरेको छ । म भगवान्लाई धन्यवाद दिन्छु साथै मेरो राम्रो स्वास्थ्यको कामना गर्ने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु । डाक्टरको सल्लाहमा म केही दिन घरमा नै एक्लै बस्नेछु ।

अगस्ट २ मा कोभिड-१९ सङ्क्रमण पुष्टि भएपछि गृहमन्त्री शाहले ट्विटरमार्फत् आफ्नो स्थिति घोषणा गर्दै पछिल्ला दिनमा आफूसँग सम्पर्कमा आएका व्यक्तिलाई पनि एक्लो रहन र परीक्षण गर्न आग्रह गर्नुभएको थियो ।

# एक हजार बढी संक्रमित फेला, सातको मृत्यु

काठमाडौँ, २ भदौ (रासस)।

नेपालमा कोभिड-१९ को सङ्क्रमण अहिलेसम्म सबभन्दा बढी आज फेला परेका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेका नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले आज एकै दिन सबभन्दा बढी एक हजार १६ जनामा सङ्क्रमित फेला परेको जानकारी दिनुभयो। विभिन्न ४० प्रयोगशालामा १३ हजार ४६१ जनाको गरिएको पिसीआर परीक्षणमा एक हजार १६ जनामा सङ्क्रमण भएको पाइएको हो।

यसअघि एकै दिन ७४१ जनामा सङ्क्रमण देखिएको थियो। मंगलबार देखिएका सङ्क्रमितसँगै कूल २८ हजार २५७ जनामा सङ्क्रमित रहेका छन्। नेपालमा पहिलो पटक गत माघ ९ गते चीनको वुहान शहरबाट आएका विद्यार्थीमा सङ्क्रमण देखिएको थियो। उहाँका अनुसार सक्रिय सङ्क्रमित १० हजार ५६३ जना रहेका छन्। यसैगरी आज ८५ जना सङ्क्रमित जितेर घर फर्किएका छन्। अहिलेसम्म १७ हजार ५८० जना सङ्क्रमित निको भई घर फर्किसकेको उहाँले बताउनुभयो।

अहिलेसम्म ६२.२ प्रतिशत सङ्क्रमित निको भई घर फर्किसकेका छन्। अहिलेसम्म पाँच लाख ४२ हजार ८६६ जनाको पिसीआर परीक्षण गरिएको छ। मुलुकभरि क्वारेन्टिनमा १३ हजार ९३६ जना रहेका छन्।

**सात जनाको मृत्यु**

पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा गौतमले सङ्क्रमणको कारणले सात जनाको निधन भएको जानकारी दिनुभयो। उहाँका अनुसार काभ्रे, नवलपरासी, कास्की, मोरङ, धनुषा र बाँकेका एक/एक जना पुरुष तथा तनहुँका एक जना महिलाको सङ्क्रमणको कारणले मृत्यु भएको छ। अहिलेसम्म ११४ जना सङ्क्रमणबाट मृत्यु भएका छन्।

# राष्ट्रकवि माधवप्रसाद घिमिरेको देहावसान

काठमाडौँ, २ भदौ (रासस)।

राष्ट्रकवि माधवप्रसाद घिमिरेको मंगलबार साँझ ५ बजेर ५५ मिनेटमा दुःखद् निधन भएको छ। गत वर्ष शताब्दी वर्ष उमेर पूरा गर्नुभएका उहाँकोमंगलबार आफ्नै निवास लैनचौरमा निधन भएको काठमाडौँ महानगरपालिका वडा नं २६ का वडाध्यक्ष ख्यामराज तिवारीले बताउनुभयो।

कविता र गीतका माध्यमबाट करोडौँ नेपालीको मन र मस्तिष्क छुनु भएका घिमिरेलाई समालोचकहरु परिष्कारवादी धाराका करीब एक मात्र र अत्यन्त महत्वपूर्ण कवि मान्छन्। उहाँका गौरी, राष्ट्रनिर्माता, धर्तीमाता, राजराजेश्वरी, पापिनी आमा, अश्वत्थामालगायत खण्डकाव्य र चैतवैशाख काव्यसङ्ग्रह चर्चित छन्। मालतीमङ्गले उहाँले लेख्नुभएको बहुचर्चित नेपाली नृत्यनाटिका (ओपेरा) हो। अश्वत्थामा( अङ्ग्रेजी) कृति नोबेल पुरस्कारको मनोनयनका लागि पठाइएको थियो।

घिमिरेका किन्नरकिन्नरी गीतसङ्ग्रह, यो नेपाली शिर उचाली, फूलको थुँगा बगेर गयो, आजै र राति के देखेँ सपना, नेपाली हामी रहौँला कहाँ नेपालै नरहे बोललगायत थुप्रै गीत तथा निबन्ध एवं बालसाहित्य प्रकाशित छन्। उहाँका थुप्रै बाल कवितामध्ये साना बालबालिकालाई ध्यानमा राखेर 'मुनुमुनु म्याँ म्याँ ब्रुक ब्रुक' अत्यधिक लोकप्रिय मानिन्छ।

राष्ट्रियता, देशभक्ति, प्रकृति र प्रेमप्रणयका भावले ओतप्रोत उहाँका कृतिमा परिष्कृत र स्वच्छन्दतावादी भावधारा पाइन्छ। नेपाली लोकलयमा प्रभावशाली गीत रचना उहाँको अर्को विशेषता हो। उहाँले संस्कृत छन्दका नियमभित्रै रहेर छन्दोबद्ध कवितालाई सरल र बहुसङ्ख्यक नेपाली पाठकले बुझ्नेस्तरमा उकाल्नुभएको मानिन्छ।

अल्पायुमै पत्नी गौरीको निधन भएपछि उहाँले अत्यन्त प्रभावकारी शैलीमा शोककाव्यको रचना गर्नुभयो जुन उहाँको काव्ययात्राको कोशेढुंगा सावित भयो। त्यसपछि उहाँले महाकाली घिमिरेसँग विवाह गर्नुभयो। लमजुङको पुस्तुन बाहुनडाँडाबाट काठमाडौँ आउनुभएका घिमिरेका काव्यकृतिमा मर्स्याङ्दी नदी र त्यहाँको लोकजीवनले अत्यन्त महत्वपूर्ण पार्श्वभूमिको काम गरेका छन्। उहाँ नेपाली कवितामा पूर्वीय दार्शनिक भावभूमि र प्रखर राष्ट्रवादका हिमायती हुनुहुन्थ्यो। उहाँको ऋतम्भरा महाकाव्य लेखन अन्तिम चरणमा थियो।

विसं २०७४ माघ २६ गते उहाँलाई नेपाली सेनाले मानार्थ सहायक रथीको दर्जा दिएको थियो भने सेनाका परमाधिपति राष्ट्रपति विद्यादेवी भण्डारीले सोही साल फागुन २ गते जङ्गीअड्डामा आयोजित समारोहमा दर्जानी चिह्न प्रदान गर्नुभएको थियो। तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपतिसम्म हुनुभएका उहाँलाई विसं २०६० मा राष्ट्रकवि उपाधि दिइएको थियो।

उहाँको पशुपतिमा अन्त्येष्टि गरिने र नेपाली सेनाका एक अधिकृतको नेतृत्वमा रहेको टुकडीले सम्मान गारद प्रदान गर्ने जनाइएको छ। राष्ट्रिय समाचार समिति( रासस)का परिवारका तर्फबाट अध्यक्ष श्यामल अधिकारीले उहाँको निधनमा गहिरो दुःख व्यक्त गर्नुभएको छ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- **कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।**
- **संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।**

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- **खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।**
- **समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।**
- **खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।**
- **आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।**

**आरो ध्यान देववाला बात :**

- **बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।**
- **कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।**
- **डेराऊ नहिं, सतर्क रहू।**

**आनुरोधकर्ता - उत्तम कार्की**
**प्रमुख**
**सप्तकोशी नगरपालिका, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · CITY EXPRESS MONEY TRANSFER · Best Remit Quick & Easy · PRABHU Money Transfer प्रभुको इच्छा · रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*